# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) वीरेन्द्रनगर, सुर्खेत, फागुन, ०६ गते, २०८० साल (अतिरिक्ताङ्क १०


## भाग-२

### कर्णाली प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

### सूचना

**<u>मुख्यमन्त्री महिला आय आर्जन कार्यक्रम सञ्चालन नियमावली, २०८०</u>**

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "मुख्यमन्त्री महिला आय आर्जन कार्यक्रम सञ्चालन नियमावली, २०८०" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "अनुदान" भन्नाले कार्यक्रम अन्तर्गत सहकारी संस्थाको संस्थागत पूँजीको रुपमा जगेडा कोषमा जम्मा भई

कार्यक्रमको उद्देश्य बमोजिम परिचालन हुने गरी उपलब्ध गराइने बिउ पूँजी अनुदानको रकम सम्झनु पर्छ।

(ख) "आय आर्जन क्रियाकलाप" भन्नाले नियम ४ बमोजिमका क्षेत्रमा सञ्चालन गरिने आय आर्जन क्रियाकलाप सम्झनु पर्छ।

(ग) "कार्यक्रम" भन्नाले यस नियमावली बमोजिम कार्यान्वयन हुने मुख्यमन्त्री महिला आय आर्जन कार्यक्रम सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले भूमि व्यवस्था तथा सहकारी रजिष्ट्रारको कार्यालय र कृषि विकास कार्यालय सम्झनु पर्छ।

(ङ) "जगेडा कोष" भन्नाले कुनै पनि शेयर सदस्यको व्यक्तिगत हक नलाग्ने, बाँडफाँट गरी वितरण गर्न नमिल्ने र यस नियमावली बमोजिम स्वीकृत कार्यक्रममा परिचालन गर्न सकिने सहकारी संस्थाको साझा पूँजी सम्झनु पर्छ।

(च) "प्रदेश सरकार" भन्नाले कर्णाली प्रदेश सरकार सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ र सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समेत जनाउँछ।

(ज) "लाभग्राही" भन्नाले नियम ५ बमोजिमको लाभग्राही सम्झनु पर्छ।

(झ) "शेयर पूँजी" भन्नाले सहकारी संस्थाको चुक्ता शेयर पूँजी सम्झनु पर्छ।

(ञ) "समिति" भन्नाले नियम ९ को उपनियम (१) बमोजिमको कार्यक्रम सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ।

(ट) "सहकारी संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता

भएको महिला मात्र शेयर सदस्य रहेको सहकारी संस्था सम्झनु पर्छ।

(ठ) “सहकारी स्वयंसेवक” भन्नाले नियम १५ को उपनियम (१) बमोजिम परिचालन गरिने सहकारी महिला स्वयंसेवक सम्झनु पर्छ।

३. **<u>अनुदान उपलब्ध गराइने:</u>** (१) संस्थाको परियोजना प्रस्ताव, विपन्नता, दुर्गमता र लाभग्राही शेयर सदस्य संख्याका आधारमा प्रत्येक स्थानीय तहमा कम्तीमा एउटा सहकारी संस्थालाई समितिको निर्णय बमोजिम अनुदान उपलब्ध गराइनेछ।

(२) नियम ६ बमोजिमको आधारमा छनौट भएका सहकारी संस्थाले उपनियम (१) बमोजिम प्राप्त अनुदान नियम १२ बमोजिम हुने गरी कार्यक्रमको उद्देश्य प्राप्त गर्ने प्रयोजनमा उपयोग गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम अनुदान रकमको उपयोग गर्दा सहकारी संस्थाले नियम १२ को उपनियम (२) को खण्ड (ग) बमोजिम जगेडा कोषमा रहने रकमबाट सम्बन्धित लाभग्राही शेयर सदस्यलाई आय आर्जनका क्रियाकलाप सञ्चालनका लागि प्रचलित सहकारी कानूनको अधीनमा रही बढीमा पाँच प्रतिशत ब्याज दरमा ऋण सुविधा उपलव्ध गराउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम आय आर्जनको गतिविधिमा संलग्न नहुने वा ऋण नलिने व्यक्तिलाई लाभग्राहीको सूचीमा राख्न पाइने छैन।

(५) सहकारी संस्थाले आफ्नो विनियम र ऋण परिचालन नीति बमोजिम सामूहिक जमानी लगायतका ऋण सुरक्षण विधि अवलम्वन गर्न सक्नेछ।

४. **<u>आय आर्जन क्रियाकलाप:</u>** नियम ३ को उपनियम (३) बमोजिम सहुलियत ब्याज दरमा ऋण लिने लाभग्राही शेयर सदस्यले आय आर्जनका क्रियाकलाप देहाय बमोजिमका क्षेत्रमा सञ्चालन गर्नु पर्नेछः-

(क) बाली उत्पादन (तरकारी, फलफुल, मसलाबाली, च्याउ, मौरीपालन र उच्च मूल्यका बाली),

(ख) पशुपन्छी पालन (गाइ, भैंसी, बाख्रा, भेंडा, बंगुर, सुंगुर, कुखुरा, माछा तथा विशिष्ट प्रजातीका पशुपन्छी),

(ग) बीउ उत्पादन व्यवसाय (तरकारी, अन्नबाली, मसलाबाली),

(घ) कृषि तथा पशुपन्छीजन्य बालीवस्तुको बिक्री वितरण र बजारीकरण,

(ङ) कोशेली घर सञ्चालन,

(च) प्राङ्गारिक कृषि वस्तुको सङ्कलन र प्रवर्द्धन,

(छ) जडीबुटीमा आधारित व्यवसाय,

(ज) घरेलु तथा हस्तकला उद्योग व्यवसाय,

(झ) होजियारी,

(ञ) सिलाइकटाई, ब्युटी पार्लर, मुढा बनाउने लगायतका अन्य सीपमूलक व्यवसाय।

५. **लाभग्राही पहिचानः** (१) कार्यक्रममा सहभागी हुने लाभग्राही पहिचान गर्न देहाय बमोजिमका आधार लिनु पर्नेछः-

(क) सम्बन्धित सहकारी संस्थाको कार्यक्षेत्रभित्र स्थायी रुपमा बसोबास गरेको महिला,

(ख) उद्यमशिलता र आय आर्जन सम्बन्धी व्यवसाय सञ्चालन गरिरहेको वा सञ्चालन गर्ने व्यवसायिक योजना भएको।

(३) लाभग्राही पहिचान गर्दा आर्थिक तथा सामाजिक रुपमा विपन्न तथा बेरोजगार मध्येबाट दलित, सिमान्तकृत, एकल महिला, अपाङ्गता भएको महिला, द्वन्द्व पीडित, बेपत्ता पारिएका परिवारको सदस्य, सहिद परिवारको सदस्य, घाइते, विपद पीडित, सुकुम्बासी, अल्पसंख्यक र मुस्लिम महिलालाई प्राथमिकता दिनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

**<u>स्पष्टीकरणः</u>** यस उपदफाको प्रयोजनको लागि "आर्थिक तथा सामाजिक रुपमा विपन्न तथा बेरोजगार" भन्नाले वार्षिक रुपमा एक आर्थिक वर्षमा न्यूनतम एक सय दिन रोजगारमा संलग्न नभएको लाभग्राही सम्झनु पर्छ।

(४) लाभग्राही आफैं वा निजको पति वा निजलाई पालन पोषण गर्ने एकाघर परिवारको सदस्य स्थायी नोकरीमा आवद्ध भएको लाभग्राहीलाई समेत कार्यक्रममा सहभागी गराउन सकिनेछ।

(५) लाभग्राहीमा अनुदान लगानी भई मुनासिव रुपमा रकम बचन आएमा वा लाभग्राहीलाई ऋण आवश्यक नभई रकम मौज्दात रहने अवस्था भएमा योग्यता पुग्ने थप शेयर सदस्यलाई समेत प्राथमिकताक्रमको आधारमा सहकारी संस्थाबाट ऋण लगानी गर्न सकिनेछ।

(६) लाभग्राही पहिचान तथा सदस्यता सम्बन्धी अन्य व्यवस्था उपनियम (२) र (३) बमोजिम हुने गरी सम्बन्धित सहकारी संस्थाको विनियममा व्यवस्था भए बमोजिम हुनेछ।

६. **<u>सहकारी संस्था छनौटका आधारः</u>** (१) समितिले अनुदान वितरणका लागि सहकारी संस्था छनौट गर्दा देहायका आधार लिनुपर्नेछः-

(क) एक स्थानीय तहसम्म कार्यक्षेत्र भएको वा एक स्थानीय तहभन्दा बढी कार्यक्षेत्र भएको संस्थाको हकमा आफ्नो स्वीकृत कार्यक्षेत्र मध्ये कुनै एक स्थानीय तहको लागि छनौट हुन प्रस्ताव गरेको,

तर, एक स्थानीय तहभन्दा बढी कार्यक्षेत्र भई कुनै स्थानीय तहको लागि छनौट भएको सहकारी संस्थाले छनौट भइसके पछि आफ्नो कार्यक्षेत्रका सबै सदस्यलाई यस नियमावली बमोजिम ऋण परिचालन गर्न सक्नेछ।

(ख) अधिक लाभग्राही सदस्य भएको,

(ग) नियमित रुपमा साधारण सभा गरेको,

(घ) कर चुक्ता गरेको,

(ङ) संस्थाले पेश गरेको अनुसूची-१ बमोजिमको व्यवसायिक योजनाका आधारमा सहकारी संस्थाको संस्थागत क्षमता,

(च) नियमित रुपमा लेखापरीक्षण गरेको,

(छ) सहकारीको मूल्य, मान्यता र सिद्धान्तको पालना गरी सञ्चालन भएको,

(ज) प्रचलित सहकारी कानून बमोजिम सजाय नपाएको,

(झ) स्थानीय तहभर कार्यक्षेत्र नभएका सहकारी संस्थाको हकमा प्रचलित सहकारी कानून बमोजिम कार्यक्षेत्र विस्तार गरी सदस्यता समेत बिस्तार गर्ने प्रतिबद्धता जनाएको,

(ञ) यस नियमावली बमोजिमको प्रकृतिका कार्यको लागि अन्य कार्यक्रमबाट अनुदान प्राप्त नगरेको,

(ट) अनुदान उपलव्ध गराउने निकायले आवश्यक ठानेका सहकारी सुशासन सम्बन्धी अन्य सूचक पूरा गरेको।

(२) समितिले सहकारी संस्था छनौट गर्ने प्रयोजनका लागि उपनियम (१) बमोजिमका आधारमा सहकारी संस्था मूल्याङ्कनका वस्तुगत सूचक तथा मापदण्ड तयार गर्न सक्नेछ।

७. **<u>प्रस्ताव माग गर्नु पर्नेः</u>** (१) भूमि व्यवस्था तथा सहकारी रजिष्ट्रारको कार्यालयले सहकारी संस्थालाई अनुदान उपलब्ध गराउने प्रयोजनका लागि भाद्र मसान्तभित्र अनुसूची-२ बमोजिमको ढाँचामा प्रचलित खरिद कानूनको अधीनमा रही राष्ट्रियस्तरको पत्रिकामा पन्ध्र दिन अवधिको सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्रस्ताव मागको सूचना स्थानीय पत्रिका, मन्त्रालय, कार्यालय र स्थानीय तहको सूचना पाटी वा वेबसाइट मार्फत सार्वजनिकीकरण गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिमको सूचना बमोजिम अनुदान लिन चाहने सहकारी संस्थाले अनुसूची-३ बमोजिमको ढाँचामा सम्बन्धित जिल्ला कृषि विकास कार्यालयमा प्रस्ताव पेश गर्नु पर्नेछ।

८. **<u>प्रस्ताव मूल्याङ्कन तथा छनौटः</u>** (१) नियम ७ को उपनियम (३) बमोजिम पेश हुन आएका प्रस्ताव मूल्याङ्कनको लागि कर्णाली प्रदेशका प्रत्येक जिल्लामा देहाय बमोजिमको प्रस्ताव मूल्याङ्कन समिति रहनेछः-

(क) प्रमुख, कृषि विकास कार्यालय - संयोजक

(ख) प्रमुख वा प्रतिनिधि, प्रदेश लेखा इकाई कार्यालय - सदस्य

(ग) प्रवन्धक वा प्रतिनिधि, राष्ट्रिय वाणिज्य बैंक वा नेपाल बैंक वा राष्ट्रिय सहकारी बैक वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त अन्य कुनै बैंक - सदस्य

(घ) अध्यक्ष वा प्रबन्धक, जिल्ला सहकारी संघ वा अन्य कुनै विषयगत सहकारी संघ - सदस्य

(ङ) प्रमुख, प्रशासन शाखा, कृषि विकास कार्यालय - सदस्य-सचिव

(२) उपनियम (१) को खण्ड (घ) बमोजिमको सदस्य आबद्ध रहेको सहकारी संस्थाले प्रस्ताव पेश गरेको अवस्थामा निज प्रस्ताव मूल्याङ्कन प्रक्रियामा सहभागी हुन सक्ने छैन।

(३) उपनियम (१) बमोजिमको समितिले आवश्यकता अनुसार बढीमा दुई जनासम्म सम्बन्धित विषयको विज्ञलाई सो समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) उपनियम (१) बमोजिमको समितिले प्राप्त प्रस्तावमध्येबाट यस नियमावली बमोजिमका आधार, प्रक्रिया र कागजात पुगेका योग्य सहकारी संस्थाको मूल्याङ्कन गरी प्राथमिकता क्रमको आधारमा सहकारी संस्थाको स्थानीय तहगत रुपमा छुट्टाछुट्टै सूची तयार गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम तयार भएको सूची प्रस्ताव पेश गर्ने म्याद समाप्त भएको पन्ध्र दिनभित्र सम्बन्धित जिल्ला कृषि विकास कार्यालयमा सिफारिस सहित पेश गर्नु पर्नेछ।

(६) उपनियम (५) बमोजिम पेश भएको सिफारिस सहितको सूची सम्बन्धित कृषि विकास कार्यालयले मन्त्रालय मार्फत समितिमा पेश गर्नु पर्नेछ।

(७) उपनियम (५) बमोजिम सिफारिस भएका सहकारी संस्थाले समिति समक्ष सूचना प्रविधिको उपयुक्त माध्यमबाट प्रस्तावको प्रस्तुतीकरण गर्नु पर्नेछ र सो को मूल्याङ्कनका आधारमा प्रत्येक स्थानीय तहबाट कम्तीमा एउटा सहकारी संस्था पर्ने गरी समितिबाट सहकारी संस्था छनौट तथा अनुदान रकम स्वीकृत गरिनेछ।

(८) उपनियम (७) बमोजिम प्रस्तुतीकरणको मूल्याङ्कनका आधार समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(९) छनौट भएका सहकारी संस्थाको विवरण मन्त्रालय र अनुदान वितरण गर्ने कार्यालयको वेबसाईट र सूचना पाटीमा प्रकाशन गर्नु पर्नेछ।

(१०) उपनियम (१) बमोजिमको समितिले कार्य सम्पादनमा सहजता ल्याउन आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्नेछ।

९. **कार्यक्रम सञ्चालन तथा व्यवस्थापन समितिः** (१) कार्यक्रमको प्रभावकारी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्न देहाय बमोजिमको एक कार्यक्रम सञ्चालन तथा व्यवस्थापन समिति रहनेछः-

(क) मन्त्री, मन्त्रालय - संयोजक

(ख) सचिव, शासकीय सुधार महाशाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(घ) सचिव, मन्त्रालय - सदस्य

(ङ) रजिष्ट्रार, भूमि व्यवस्था तथा सहकारी रजिष्ट्रारको कार्यालय - सदस्य-सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(२) समितिले आवश्यकता अनुसार बढीमा दुई जना सम्बन्धित विषयको विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(२) समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

१०. <u>**समितिको काम, कर्तव्य र अधिकारः**</u> समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सहकारी संस्था छनौट गर्ने आधार र सूचक निर्धारण गर्ने,

(ख) अनुदान वितरणको लागि छनौट भएको सहकारी संस्थाको सूची अनुमोदन गर्ने,

(ग) छनौट भएका सहकारी संस्थालाई प्रदान गरिने अनुदान रकमको समन्यायिक बाँडफाँट स्वीकृत गर्ने,

(घ) कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्ने सम्बन्धमा आवश्यक नीतिगत मार्गदर्शन, समन्वय र सहजीकरण गर्ने।

११. <u>**अनुदान परिचालनः**</u> (१) नियम ८ बमोजिम छनौट भएका सहकारी संस्थालाई सम्बन्धित जिल्लाको कृषि विकास कार्यालयले पन्ध्र दिनको समय दिई देहायका कागजात सहित सम्झौता गर्न आउन जानकारी दिनु पर्नेछः-

(क) कार्यालयसँग सम्झौता गर्न सहकारी संस्थाको तर्फबाट आधिकारिक प्रतिनिधि तोकिएको सञ्चालक समितिको निर्णय र अनुसूची-४ बमोजिमको प्रतिबद्धता पत्र,

(ख) लाभग्राही शेयर सदस्यको नाम, ठेगाना, सदस्यता नम्बर र सदस्यता मिति खुलेको संस्थाको अध्यक्ष तथा व्यवस्थापकबाट प्रमाणित भएको विवरण,

(ग) अनुदान रकम जम्मा गर्ने प्रयोजनको लागि सहकारी संस्थाको नाममा खुलेको आधिकारिक बैंक खाता नम्बर, वैंकको नाम र ठेगाना खुलेको चेकको प्रतिलिपि,



आन्तरिक मामिला तथा कानून मन्त्रालय

(घ) खण्ड (क), (ख) र (ग) बमोजिमका कागजात सहित सम्झौता गर्न पठाएको सहकारी संस्थाको पत्र।

(२) उपनियम (१) बमोजिमको कागजात सहित सम्झौता गर्न आएका सहकारी संस्थासँग अनुसूची-५ बमोजिमको ढाँचामा सम्झौता गरी अनुदान रकम उपलब्ध गराउनु पर्नेछ।

(३) सहकारी संस्थाले उपनियम (२) बमोजिम प्राप्त अनुदान रकमबाट सामूहिक जमानी वा सम्बन्धित सहकारी संस्थाको विनियम वा ऋण नीति बमोजिम ऋण सुरक्षण विधि अपनाई लाभग्राही शेयर सदस्यलाई आय आर्जनका क्रियाकलाप सञ्चालन गर्न ऋण उपलव्ध गराउनु पर्नेछ। त्यसरी उपलव्ध गराउने ऋणको सिमा प्रति लाभग्राही एक पटकका लागि बढीमा वार्षिक दुई लाख रुपैयाँसम्म हुनेछ।

तर लाभग्राहीलाई ऋण आवश्यक नभई रकम मौज्दात रहने अवस्था भएमा योग्यता पुग्ने शेयर सदस्यलाई समेत नियम ५ को उपनियम (३) बमोजिम प्राथमिकताक्रमको आधारमा सहकारी संस्थाबाट थप ऋण रकम उपलब्ध गराउन सकिनेछ।

(४) उपनियम (३) बमोजिम ऋण उपलब्ध गराए बापत सहकारी संस्थाले वार्षिक अधिकतम् पाँच प्रतिशतसम्म ब्याज लिन सक्नेछ।

(५) सहकारी संस्थाले ऋण उपलब्ध गराउने प्रयोजनका लागि लाभग्राहीबाट अन्य कुनै पनि सेवा शुल्क लिन पाउने छैन।

**१२. <u>कार्यक्रम सञ्चालनः</u>** (१) सम्बन्धित जिल्लाको कृषि विकास कार्यालयले कार्यक्रम सञ्चालनका लागि प्राप्त बजेटको एक दशमलव पाँच प्रतिशत रकम कन्टिन्जेन्सीको लागि छुट्याई बाँकी रकम उपनियम (२) बमोजिम सहकारी संस्थालाई अनुदानको रुपमा उपलब्ध गराउनु पर्नेछ।

(२) सहकारी संस्थाले उपनियम (१) बमोजिम कार्यक्रम सञ्चालनका लागि प्राप्त गरेको अनुदान देहाय बमोजिम वर्गीकरण गर्नु पर्नेछः-

(क) सहकारी स्वयंसेवक परिचालन वा क्षमता अभिवृद्धि कार्यक्रम - सात प्रतिशत

(ख) कार्यक्रम सञ्चालन प्रशासनिक खर्च - एक प्रतिशत

(ग) सहकारी संस्थाको जगेडा कोष - असी प्रतिशत

(घ) व्यावसायिक उत्पादन र बजारीकरण व्यवस्थापन वा संस्थागत पूर्वाधार निर्माण - बाह्र प्रतिशत

(३) उपनियम (२) को खण्ड (ग) बमोजिम प्राप्त हुने अनुदान सहकारी संस्थाको जगेडा कोषमा संस्थागत पूँजीको रुपमा जम्मा गरी सोको अभिलेख राखी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(४) उपनियम (२) को खण्ड (घ) बमोजिमको रकमबाट स-साना समूह वा व्यक्तिगत रूपमा सहकारी संस्थाका शेयर सदस्यले सञ्चालन गरेका व्यवसाय वा क्रियाकलापबाट उत्पादित कृषि उपजको सङ्कलन, भण्डारण, प्रशोधन र बजारीकरणका लागि संस्थागत पूर्वाधार निर्माण तथा मेसिन खरिद गर्न सकिनेछ। त्यस्तो पूर्वाधार तथा मेसिनको स्वामित्व सम्बन्धित सहकारी संस्थामा रहनेछ।

१३. <u>अनुदान उपलब्ध नहुने:</u> कार्यक्रम अन्तर्गत एक पटक अनुदान प्राप्त गरेको सहकारी संस्थालाई पुनः अनुदान उपलब्ध हुने छैन।

तर अनुदान रकमको प्रभावकारी परिचालन तथा सदुपयोग गरी शेयर सदस्यको आम्दानीमा उल्लेखनीय सुधार ल्याउने सहकारी संस्थालाई मूल्याङ्कन गरी आवश्यकता र औचित्यको आधारमा आगामी वर्षमा समेत थप अनुदान उपलब्ध गराउन सकिनेछ।

१४. <u>सहकारी स्वयंसेवक:</u> (१) छनौट भएको सहकारी संस्थामा समन्वय, क्षमता विकास, तथ्याङ्क सङ्कलन, अभिलेखीकरण, शेयर पूँजी परिचालन, कार्यान्वयन, अनगुमन र प्रतिवेदन गर्ने कार्यको सहजीकरणको लागि एक जना सहकारी स्वयंसेवक परिचालन गरिनेछ।

(२) सहकारी संस्थाले सहकारी स्वंयसेवक छनौट देहाय बमोजिमका योग्यताको आधारमा गर्नु पर्नेछः-

(क) अठार वर्ष उमेर पूरा भएको नेपाली नागरिक,

(ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट एस.ई.ई. वा सो

सरह उत्तीर्ण भएको,

(ग) सूचना प्रविधि तथा कम्प्यूटर सञ्चालन सम्बन्धी आधारभूत ज्ञान भएको,

(घ) समुदाय परिचालनमा अनुभव भएको,

(ङ) महिला सहकारीको सदस्य वा निजको परिवारको महिला सदस्य,

(च) स्थानीय बासिन्दा,

(छ) सहकारी संस्थाले तोकेका अन्य आधार।

(३) सहकारी स्वयंसेवकको काम र कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) आफ्नो कार्य क्षेत्रमा सञ्चालन भएका आय आर्जनका क्रियाकलापको तथ्याङ्क सङ्कलन र अभिलेखीकरण गर्ने,

(ख) उत्पादन कार्यक्रमको लागि आवश्यक पर्ने सामग्रीको व्यवस्थापन गर्न समन्वय तथा सहजीकरण गर्ने,

(ग) सहकारी सुदृढीकरण, बजारीकरण, उद्यमशीलता लगायतका विविध पक्ष समेट्ने गरी आवश्यकता अनुसार तालिम र क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालनको लागि सम्पर्क व्यक्तिको रुपमा कार्य गर्ने,

(घ) स्थानीय तहको वडाभित्र मात्र कार्यक्षेत्र भएका सहकारी संस्थालाई सहकारी कानून बमोजिम एकीकरण वा कार्यक्षेत्र विस्तारको प्रक्रियाबाट सम्बन्धित स्थानीय तहभर सेवा विस्तार गर्न प्रोत्साहन तथा सहजीकरण गर्ने,

(ङ) सहकारीमा आबद्ध नभएका महिलालाई सहकारीमा आबद्ध गर्न प्रोत्साहन गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(च) कार्यक्रम कार्यान्वयनमा अन्य साझेदार निकाय तथा स्थानीय तहसँग समन्वय र सहकार्य गरी कार्यक्रममा दोहोरोपना आउन नदिन सहयोग गर्ने,

(छ) सहकारीका सदस्यले सञ्चालन गरेका आय आर्जनका क्रियाकलापको नियमित अनुगमन गर्ने,

(ज) कार्यक्षेत्र अन्तर्गतका कृषि उद्यम, फर्मको विवरण र उत्पादन हुने कृषि उपजको विवरण अद्यावधिक गरी विस्तृत पार्श्वचित्र तयार पार्ने,

(झ) सञ्चालित कार्यक्रमको मासिक, चौमासिक र वार्षिक प्रतिवेदन पेश गर्ने,

(ञ) कृषि विकास कार्यालयका सहकारी सम्पर्क व्यक्ति वा कार्यालयसँग समन्वयमा रही कार्य गर्ने,

(ट) सम्बन्धित स्थानीय तहको समेत सहकारी सम्पर्क व्यक्तिको रूपमा कार्य गर्ने,

(ठ) कृषक समूहलाई सहकारीमा दर्ता गर्ने कार्यमा सहजीकरण गर्ने,

(ड) कार्यक्रमसँग सम्बन्धित कार्यालयबाट तोकिएका अन्य कार्य गर्ने।

(४) सहकारी स्वयंसेवकको सेवा सुविधा नियम १२ को उपनियम (२) को परिधिभित्र रही सम्बन्धित सहकारी संस्थाले तोके बमोजिम हुनेछ।

**१५. <u>लाभग्राही शेयर सदस्यको कर्तव्यः</u>** लाभग्राही शेयर सदस्यको कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) सहकारी संस्थाबाट व्यवसायिक योजनाका आधारमा प्राप्त ऋण स्वरोजगार तथा उद्यमशिलतामा लगानी गरी आय आर्जन गर्ने,

(ख) परियोजनाको आम्दानीबाट नियमित रूपमा बुझाउनु पर्ने ब्याज तथा साँवा समयमै बुझाउने,

(ग) तोकेको अवधिभित्र प्रस्तावमा उल्लेख भए बमोजिमको कार्यक्रम सम्पन्न गर्ने,

(घ) प्राप्त शेयर पूँजीको अधिकतम् सदुपयोग गरी सहकारी संस्थाको अन्य महिला सदस्यलाई समेत आय आर्जनको अवसर उपलब्ध गराउने।

१६. **<u>बजेट बाँडफाँटः</u>** कार्यक्रमको लागि समितिले गरिबी, दुर्गमता, महिला जनसंख्या लगायतका आधारमा कार्यक्रम तथा सञ्चालन खर्चको बजेट बाँडफाँट गर्नेछ।

१७. **<u>कार्यक्रमको निरन्तरताः</u>** (१) कार्यक्रमलाई परियोजनाको रुपमा सहकारी संस्थाको कार्य प्रगति, उपलब्धि र प्रभाव विश्लेषणका आधारमा प्रदेश सरकारले निरन्तर रुपमा सञ्चालन गर्न सक्नेछ।

(२) सालबसाली रुपमा यस कार्यक्रमको लागि आवश्यक बजेट मन्त्रालयले विनियोजन गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम आवश्यक बजेट तथा कार्यक्रम बनाई पेश तथा माग गर्ने जिम्मेवारी कार्यालयको हुनेछ।

१८. **<u>सूचना प्रविधिको प्रयोगः</u>** मन्त्रालयले कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न र अभिलेख प्रणाली चुस्त दुरुस्त बनाउन सूचना प्रविधि प्रयोगमा ल्याउन सक्नेछ।

१९. **<u>सार्वजनिकीकरणः</u>** (१) सहकारी संस्थाले आफूले प्राप्त गरेको अनुदान र सोको परिचालन सम्बन्धी विवरण मासिक एवम् वार्षिक रुपमा सम्बन्धित स्थानीय तह र अनुदान उपलब्ध गराउने कार्यालयमा पेश गर्नु पर्नेछ।

(२) अनुदान उपलब्ध गराउने कार्यालयले उपनियम (१) बमोजिम प्राप्त विवरण र सहकारी संस्थालाई अनुदान उपलब्ध गराइएको रकमको विवरण वेबसाइट मार्फत सार्वजनिकीकरण गर्नु पर्नेछ।

२०. **<u>अनुगमन तथा मूल्याङ्कनः</u>** (१) कार्यक्रमको प्रभावकारी कार्यान्वयन, समन्वय, प्रतिवेदन र अनुगमनका लागि जिल्ला कृषि विकास कार्यालयले एक जना कर्मचारीलाई सम्पर्क व्यक्ति तोक्नेछ। त्यसरी सम्पर्क व्यक्ति

तोक्दा उपलब्ध भएसम्म अधिकृत कर्मचारीलाई तोक्नु पर्नेछ।

(२) सम्पर्क व्यक्तिले कार्यक्रम कार्यान्वयनको एकीकृत प्रतिवेदन तयार गरी मासिक रुपमा मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यक्रमको मन्त्रालय, प्रदेश योजना आयोग, कार्यालय वा सम्बन्धित स्थानीय तह, भूमि व्यवस्था तथा सहकारी रजिष्ट्रारको कार्यालय, जिल्ला सहकारी संघ र जिल्ला समन्वय समितिले आवश्यकता अनुसार अनुगमन गर्न सक्नेछ र अनुगमनमा सहयोग गर्नु सम्बन्धित सहकारी संस्थाको कर्तव्य हुनेछ।

(४) मन्त्रालयले कार्यक्रम कार्यान्वयनको प्रगति तथा अनुगमन प्रतिवेदन चौमासिक रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्नु पर्नेछ।

२१. **अनुदान अन्यत्र प्रयोग गर्न नपाउने:** (१) सहकारी संस्था र शेयर सदस्यले अनुदान रकमलाई परियोजना प्रस्ताव अनुसार व्यावसायिक प्रयोजनमा बाहेक अन्यत्र प्रयोग गर्न पाउने छैन।

(२) अनुदान रकम कार्यक्रमको उद्देश्य अनुसार निष्कृय नराखी अनिवार्य परिचालन गर्नु पर्नेछ।

(३) अनुदान रकम निष्कृय रुपमा राखेको वा उद्देश्य विपरीत प्रयोग गरेको पाइएमा सहकारी संस्थाले सरकारी बाँकी सरह प्रदेश सरकारलाई प्रचलित दरको ब्याज सहित फिर्ता गर्नु पर्नेछ।

(४) अनुदान रकम परियोजना प्रस्ताव बाहेक अन्य प्रयोजनमा प्रयोग गरेमा, दुरुपयोग गरेमा, हिनामिना वा अनियमितता गरेको पाइएमा सम्बन्धित जिम्मेवार पदाधिकारी तथा सदस्यबाट सरकारी बाँकी सरह दामासाहीले ब्याज सहित असुल उपर गरी प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

२२. **बाधा अड्काउ फुकाउन सक्ने:** यस नियमावली बमोजिम कार्यक्रम कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ उत्पन्न भएमा मन्त्रालयको सिफारिसमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले त्यस्तो बाधा

अडकाउ फुकाउन सक्नेछ।

२३. <u>**अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेः**</u> मन्त्रालयको सिफारिसमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यकता अनुसार अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेछ।

२४. <u>**खारेजी र बचाउः**</u> (१) मुख्यमन्त्री महिला आय आर्जन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ खारेज गरिएको छ।

(२) मुख्यमन्त्री महिला आयआर्जन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ बमोजिम भए गरेका सम्पूर्ण काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ।

(३) मुख्यमन्त्री महिला आय आर्जन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ बमोजिम सञ्चालन भइरहेको कार्यक्रम यसै नियमावली बमोजिम सञ्चालन हुनेछन्।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसुची-१

(नियम ६ को उपनियम (१) को खण्ड (ङ) सँग सम्बन्धित)

**व्यवसायिक योजनाको ढाँचा**

(क) उद्देश्यः

(ख) कार्यः

(ग) शेयर सदस्य संख्याः

(घ) स्थिर पूँजीः

१. जग्गा र भवन रू. ....

२. फर्निचर रू. .....

३. मेशिनरी औजार रु. ....

४. मेसिन रू. ....

५....... रू. ....

६...... रू. ....

७. अन्य ........... रू. .....

८ कुल जम्मा स्थिर पूँजी रू. ....

(ङ) व्यवसायिक प्रयोजनको लागि कुल चालु पूँजीः

१. कच्चा पदार्थहरु एकमुष्ठ रकम रू. .....

२. उत्पादन, प्रशोधन तथा बजार तयारी लागत मूल्य रू. ....

३. अन्य सामाग्रीको लागि एकमुष्ठ कुल रकम रू. ....

४ कुल चालु पूँजी रू. ....

(च) **(घ)** र **(ङ)** को लागि जम्मा रू. ....

(छ) पूँजीको स्रोत

१. शेयर पूँजी रू. ....

२. अनुदान बापत प्राप्त हुने पूँजी रू......

३. बैंक तथा वित्तीय संस्थामा रहेको रकममा प्राप्त ब्याज रू. ....

४. जगेडा कोष रू. ....

५. बैंक तथा वित्तीय संस्थाबाट ऋण रू. ....

६. अन्य रू. ....

आन्तरिक मामिला तथा कानून मन्त्रालय

७ पूँजी स्रोत जम्मा रू. ....

(ज) संस्थाको आम्दानी

१. ...... बिक्री रू. .....

२. ......

३. ......

४ संस्थाको आम्दानी जम्मा रू.....

(झ) संस्थाको खर्च

१. तलव तथा ज्याला रू. ....

२. अतिरिक्त प्रोत्साहन रकम रू. ....

३. मसलन्द/प्रशासनिक खर्च रू. .....

४. ऋणको व्याज फिर्ता रू. .....

५. सम्पत्तिमा ह्रास कट्टी रू. .....

६. मर्मत सम्भार रू. .....

७. इन्धन तथा उर्जा रू. .....

८. व्यवसायगत चालु खर्च रू. ....

९. विविध खर्च रू. .....

१०.जम्मा खर्च रू. .....

(ञ) जम्मा नाफा वा घाटा (खर्च भन्दा आम्दानी धेरै भएमा नाफा र कम भएमा घाटा)

१. आम्दानी जम्मा रू. ....

२. खर्च जम्मा रू. .....

३. खुद नाफा वा घाटा रू. .....

<u>**द्रष्टव्यः**</u> यस व्यवसायिक योजनामा विवरण भर्दा लेखापरीक्षण प्रतिवेदनको आधारमा गत असार मसान्तको विवरण भर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसुची-२

(नियम ७ को उपनियम (१) सँग सम्बन्धित)

**प्रस्ताव माग गरेको सार्वजनिक सूचना**

**कर्णाली प्रदेशभित्रका महिला सहकारी संस्थाका लागि अनुदान उपलब्ध गराउने सम्बन्धी प्रस्ताव आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मितिः

कर्णाली प्रदेश सरकारले गरिब, बेरोजगार तथा विपन्न महिलाको आय आर्जन क्षमता विकास गर्न सहकारी संस्था मार्फत आवश्यक पूँजी तथा सहुलियतपूर्ण ऋणमा पहुँच वृद्धि गरी स्वरोजगार तथा उद्यमशील बनाउनको लागि मुख्यमन्त्री महिला आय आर्जन कार्यक्रम अन्तर्गत लक्षित लाभग्राहीहरु आवद्ध संस्थाको संस्थागत पुँजी वृद्धिको लागि अनुदान उपलब्ध गराउने प्रयोजनको लागि प्रत्येक स्थानीय तहबाट कम्तीमा एक वटा महिला सहकारी संस्था छनौट गर्न यो सूचना प्रकाशन गरिएको छ। यस कार्यक्रममा सहभागी हुन चाहने कर्णाली प्रदेशभित्रका इच्छुक महिला सहकारी संस्थाले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र तपसिल बमोजिमका कागजातहरू संलग्न राखी सम्बन्धित जिल्लाको कृषि विकास कार्यालयमा प्रस्ताव पेश गर्नु हुन यसै सूचनाद्वारा जानकारी गराइएको छ।

**आवश्यक कागजातहरूः**

१. मुख्यमन्त्री महिला आय आर्जन कार्यक्रम सञ्चालन नियमावली, २०८० को अनुसूची-१ को ढाँचामा व्यवसायिक योजना, अनुसूची-३ बमोजिमको परियोजना प्रस्ताव र अनुसूची-४ बमोजिमको प्रतिबद्धता पत्र,

२. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,

३. संस्थाको विनियमको प्रतिलिपि (पछिल्लो संशोधन भए संशोधनको प्रति सहित),

४. सञ्चालक समिति वा साधारण सभाबाट अनुदान प्राप्त गरी

महिला सदस्यको आय आर्जन कार्यक्रममा अधिकतम परिचालन गर्ने व्यहोराको निर्णय प्रतिलिपि,

५. पछिल्लो लेखापरीक्षण प्रतिवेदन,

६. करचुक्ता प्रमाणपत्र।

थप जानकारीका लागि सम्बन्धित कार्यालयको सम्पर्क फोन नम्बर ....

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-३

(नियम ७ को उपनियम (३) सँग सम्बन्धित)

**प्रस्तावको ढाँचा**

**श्री कार्यालय प्रमुखज्यू,**

............................ कार्यालय

......................... जिल्ला।

**विषयः मुख्यमन्त्री महिला आय आर्जन कार्यक्रमका लागि प्रस्ताव पेश गरिएको सम्बन्धमा।**

तहाँ मन्त्रालय वा ........... निकायबाट मिति ...... मा प्रकाशित सूचना अनुसार मुख्यमन्त्री महिला आय आर्जन कार्यक्रममा सहभागी भई आफ्नो कार्य क्षेत्रभित्रका आर्थिक, सामाजिक रूपमा पछाडि परेका देहायका महिलाहरूको उद्यम तथा आय आर्जनको क्रियाकलापका लागि पूँजी परिचालन गरी आय आर्जनका कार्यक्रम सञ्चालन गर्न इच्छुक रहेकोले कार्यक्रममा सहभागिताका लागि तपसिलको विवरण र कागजात संलग्न राखी प्रस्ताव पेश गरेका छौं। कार्यक्रममा सहभागी गराई दिनुहुन अनुरोध छ।

| संस्थाको छाप |
|---|
| |

**तपसिलः**

१. सहकारी संस्थाको नामः

२. ठेगानाः स्थानीय तह, वडा नं, टोलः

३. दर्ता नं. र दर्ता मितिः

४. दर्ता भएको निकायः

५. कार्य क्षेत्रः

६. गत आ.व. सम्मको शेयर पूँजी रू., बचत रकम रू., ऋण लागानी रू., खुद बचत (नाफा) रू.,

७. स्थायी लेखा वा मूल्य अभिबृद्धि कर नम्बरः

८. सदस्य संख्याः

९. कार्यक्रमको लागि प्रस्ताव गरिएको स्थानीय तहको नाम (एक

स्थानीय तहभन्दा बढी कार्यक्षेत्र भएका सहकारी संस्थाको हकमा आफ्नो स्वीकृत कार्यक्षेत्र मध्ये कुनै एक स्थानीय तहको नाम उल्लेख गर्नु पर्नेछ):

१०. स्वरोजगारमूलक व्यवसायिक कार्य सम्बन्धमा प्रस्ताव पुष्ट्याई सम्बन्धी विषयः

११. लाभग्राही शेयर सदस्यको विवरणः

| क.सं. | नाम थर | ठेगाना | सदस्यता नं. (सदस्य भई नसकेको हकमा खाली राख्ने) | आय आर्जन क्रियाकलाप को क्षेत्र (नियम ४ बमोजिम) | रोजगारी अवस्था (बेरोजगार/ पति रोजगार/ आफैं रोजगार) | इच्छित उद्यम/ व्यवसाय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

<u>संलग्न कागजातः</u>

१. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,

२. संस्थाको विनियमको प्रतिलिपि (पछिल्लो संशोधन सहित),

३. मुख्यमन्त्री महिला आय आर्जन कार्यक्रम सञ्चालन नियमावली, २०८० को अनुसूची-१ को ढाँचामा व्यावसायिक योजना र अनुसूची-४ बमोजिमको प्रतिबद्धता पत्र,

४. अनुदान रकम महिला सदस्यको आय आर्जन कार्यक्रममा अधिकतम परिचालन गर्ने व्यहोराको सञ्चालक समिति वा साधारण सभाबाट निर्णय भएको निर्णय प्रतिलिपि,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

**५**. पछिल्लो लेखापरीक्षण प्रतिवेदन,

**६**. करचुक्ता प्रमाणपत्र,

**७**. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।

सहकारी संस्थाको अध्यक्षको,-

नाम थरः

हस्ताक्षरः

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-४

(नियम ११ को उपनियम (१) को खण्ड (क) सँग सम्बन्धित)

**प्रतिबद्धता पत्र**

मुख्यमन्त्री महिला आय आर्जन कार्यक्रम अन्तर्गत अनुदान परिचालन गर्ने सम्बन्धमा ........ सहकारी संस्था लिमिटेडको तर्फबाट देहाय बमोजिम कार्यान्वयन गर्न प्रतिबद्धता गर्दछौंः-

(क) प्रचलित कानून तथा मुख्यमन्त्री महिला आय आर्जन कार्यक्रम सञ्चालन नियमावली, २०८० को पूर्ण पालन गर्नेछौं।

(ख) अनुदान रकमबाट प्रवाह हुने ऋण अधिकतम सदस्यलाई प्रवाह गर्ने र ब्याज दर बढीमा पाँच प्रतिशतसम्म हुने व्यवस्था गर्नेछौं।

(ग) उत्पादनमूलक र आय आर्जन बृद्धि हुने परियोजनामा मात्र ऋण परिचालन गर्नेछौं।

(घ) सहकारी संस्थाका सदस्यले आफ्नो कार्ययोजना बमोजिमको कार्य सञ्चालन नगरी परियोजनाको निर्धारित अवधि अगावै सो कार्यहरु बन्द गरेमा वा उत्पादनमूलक कार्यक्रममा लगानी नगरी अन्य अनुत्पादक क्षेत्रमा लगानी गरेको पाइएमा त्यस्तो सदस्यबाट प्रचलित ब्याज र हर्जना सहित फिर्ता गरी अन्य सदस्यको ऋणमा पहुँच बढाउने छौं।

(ङ) स्वीकृत लाभग्राहीको सूची बमोजिमका लाभग्राहीलाई ऋण प्रवाह हुन नसकेमा वा अनुदान रकम निष्कृय रहेमा सो लाभग्राहीको लागि विनियोजित अनुदान रकम प्रदेश सरकारलाई फिर्ता गर्नेछौं।

(च) समान प्रकृतिको कार्यका लागि यस अघि कुनै कार्यक्रम मार्फत अनुदान लिएका छैनौं।

(छ) सञ्चालित कार्यक्रम/क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने र प्राङ्गारिक कृषिलाई प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव नपार्ने समेत प्रतिबद्धता व्यक्त गर्दछौं।

(ज) अधिकतम् लाभग्राहीलाई अनुदान कार्यक्रम अवधारणा अनुसार समेट्नको लागि आफ्नो कार्यक्षेत्र बृद्धि गर्दै लैजाने प्रयत्न गर्नेछौं।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(झ) सहकारी मूल्य, मान्यता र सिद्धान्त तथा सहकारी कानून र संस्थाको विनियम विपरीत हुने गरी कार्यक्रम सञ्चालन गर्ने छैनौं।

(ञ) जगेडा कोषमा प्राप्त अनुदान रकमलाई पहिलो पटक लगानी भएको ऋण असुली भए पश्चात पुनः कार्यक्रमले लक्षित गरेका अन्य महिलाको आय आर्जनका लागि ऋण प्रवाह गर्नेछौं।

(ट) माथि उल्लेख गरिएका प्रतिबद्धता पालना नगरेमा प्रचलित कानून बमोजिम सहुँला बुझाउँला।

<u>**सहकारी संस्थाको तर्फबाट**</u>

सहकारी संस्थाको नामः

ठेगानाः

सम्पर्क नः

अध्यक्षको नाम थरः

दस्तखतः

संस्थाको छापः

मितिः

औंठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

कबुलियत विवरण (सञ्चालक समितिको अध्यक्ष, कोषाध्यक्ष र सचिव)

| नाम | पद | ठेगाना | सम्पर्क नं. | दायाँ | बायाँ |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-५

(नियम ११ को उपनियम (२) सँग सम्बन्धित)

**सम्झौताको ढाँचा**

........ कार्यालय (यसपछि "पहिलो पक्ष" भनिएको) र ..... जिल्ला ..... गा.पा. /न.पा. ..... वडा नं. ... टोलमा कार्यालय सञ्चालनमा रहेको ...... महिला सहकारी संस्था लिमिटेड (यसपछि "दोस्रो पक्ष" भनिएको) बीच देहायका शर्त बमोजिम हुने गरी मुख्यमन्त्री महिला आय आर्जन कार्यक्रम सञ्चालन नियमावली, २०८० बमोजिम अनुदान परिचालन गर्न मञ्जुर भई यो सम्झौता गरिएको छ।

१. पहिलो पक्षले दोश्रो पक्षलाई लाभग्राही सदस्यको नामनामेसी विवरण र रकम सहितको सूचीका आधारमा जगेडा कोषमा रहने रू. ..... र अन्य खर्च बापत रू. .... समेत जम्मा रकम रू ...... उपलब्ध गराउनेछ। लाभग्राही सदस्यको सूची यस सम्झौताको अभिन्न अङ्ग हुनेछ।

२. लाभग्राही सदस्यलाई ऋण लगानी गरी मुनासिव तरिकाले रकम बचत रहेमा वा लाभग्राही सदस्यलाई ऋण आवश्यक नपरी रकम मौज्दात रहने अवस्था भएमा प्राथमिकताको आधारमा अन्य सदस्यलाई ऋण लगानी गर्न सकिनेछ।

३. यो सम्झौतामा उल्लेख भएका विषयमा यसै बमोजिम र अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ।

४. यस सम्झौता बमोजिम प्राप्त भएको अनुदान रकममध्ये संस्थागत पूँजी बापतको रकम सहकारी संस्थाको जगेडा कोषमा जम्मा गरी लाभग्राही सदस्यको आयआर्जनका कार्यक्रममा मात्र सामूहिक जमानी वा सम्बन्धित सहकारी संस्थाको विनियमको व्यवस्था बमोजिम ऋण सुरक्षणको प्रवन्ध गरी ऋण परिचालन गर्नु पर्नेछ।

५. अनुदान रकमको भुक्तानी इ-पेमेन्ट वा एकाउन्ट पेयी चेक मार्फत गर्नु पर्नेछ।

६. दोस्रो पक्षले मुख्यमन्त्री महिला आय आर्जन कार्यक्रम सञ्चालन नियमावली, २०८० बमोजिम बढीमा पाँच प्रतिशत व्याजदरमा ऋण प्रवाह गर्नुपर्नेछ।

७. सहकारी संस्थाले मुख्यमन्त्री महिला आयआर्जन कार्यक्रम सञ्चालन नियमावली, २०८०, सहकारी सम्बन्धी प्रचलित कानून, सहकारी संस्थाको विनियम र ऋण परिचालन नीति अन्तर्गत रही ऋण परिचालन गर्नु पर्नेछ।

८. यस कार्यक्रम अन्तर्गत प्रवाह भएको ऋण असुल गर्ने दायित्व दोस्रो पक्षको हुनेछ। ऋण असुल नभएमा दोस्रो पक्ष जिम्मेवार हुनेछ।

९. सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद भएमा पहिलो पक्षको निर्णय अन्तिम हुनेछ।

१०. भुक्तानी हुने बैंक र खाता सम्बन्धी विवरण देहाय बमोजिम रहेको छः-

(क) सहकारी संस्थाको नामः

(ख) बैंक खाता नम्वरः

(ग) खाता रहेको बैंकको नाम र ठेगानाः

११. अनुदान रकम हिनामिना वा दुरुपयोग गरेमा वा नियमावली तथा सम्झौता विपरीत निष्कृय राखेमा वा प्रयोग गरेमा सम्बन्धित जिम्मेवार पदाधिकारी तथा सदस्यबाट सरकारी बाँकी सरह दामासाहीले ब्याज सहित पहिलो पक्षले असुल उपर गरी दोस्रो पक्षलाई प्रचलित कानून बमोजिम कारबाही समेत हुनेछ।

१२. कर्णाली प्रदेश सरकार तथा नियमन अधिकारीबाट हुने निरीक्षण, अनुगमन तथा मूल्याङ्कन कार्यमा सहयोग गर्नु र माग भएको प्रगति प्रतिवेदन उपलब्ध गराउनु दोस्रो पक्षको कर्तव्य हुनेछ।

१३. प्रत्येक वर्ष कम्तीमा एक पटक कार्यक्रमको कार्यान्वयन तथा उपलब्धि अवस्थाको प्रगति विवरण दोस्रो पक्षले उपयुक्त माध्यमबाट सार्वजनिक गर्नु पर्नेछ।

१४. यो सम्झौता मिति ........... देखि प्रारम्भ हुनेछ।

| | |
|---|---|
| **<u>पहिलो पक्षः</u>** | **<u>दोस्रो पक्षः</u>** |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयको | संस्थाको |
| छापः | छापः |

**<u>रोहबरः</u>**

| | |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| ठेगानाः | ठेगानाः |

मितिः

निर्णय भएको मितिः २०८०/०७/२४

आज्ञाले,
शंकर बहादुर के.सी.
प्रदेश सरकारको सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय

**आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित**